ध्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमति प्रदेश, नेपाल
२०७२

बैठक संख्या:

आज मिति २०७८ साल फाल्गुन ३० गते सोमबारका दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्रबहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी मायावाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | |
| १० | श्री जानुकाथापा मगर | सदस्य | |
| ११ | श्री हिमालीमायावि.क. | सदस्य | |
| १२ | श्री गंगामायावि.क. | सदस्य | |
| १३ | श्री सुन मायाथिङ | सदस्य | |
| १४ | श्री राजेन्द्र कार्की | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्यउपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरेश कुमार अधिकारी | लेखा अधिकृत, सातौं | |
| २ | श्री लक्ष्मण दत्त पन्त | प्रशासन सहायक पाँचौं | |
| ३ | श्री भरतजंग थापा | सहायक, पाचौं | |
| | | | |

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हाग्पुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

# घ्याङलेख गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

## मिति २०७८ फाल्गुन ३० गते सोमबार

## बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठकका प्रस्तावहरु :**

१. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा ।

२. गाउँ कार्यपालिका कार्यालय र मातहतका वडा कार्यालयहरुबाट भइरहेको विकास र सेवा प्रवाहको समिक्षा सम्वन्धमा ।

३. विविध सम्वन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि भए गरेका निर्णयहरुको समिक्षा गर्नुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँ कार्यपालिका कार्यालय र मातहतका वडा कार्यालयहरुबाट भइरहेको विकास र सेवा प्रवाहको अवस्थाको समिक्षा गर्नुका साथै थप सुधार गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** विविध सम्वन्धमा छलफल गर्दा

क. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७७।०७८, च.नं. १२१, मिति २०७८।०७।१०को पत्र साथ संलग्न स्वास्थ्य बीमा बोर्डको पत्र र स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन नमुना कार्यविधि, २०७८ अनुसार घ्याङ्लेख गाउँपालिका स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन कार्यविधि, २०७८ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख. सिकाक हुस्से निर्माण सेवा सिन्धुलीले निर्माण ठेक्का प्राप्त गरेको Office of Rural Municipal Executive Building Construction contract Number GHRM\Sindhuli\Works\NCB\016\075\076 को समयसिमा २०७८ मंसिर मसान्तसम्म रहेकोमा सो ठेक्काको म्याद चैत्र १० गतेसम्म थप गरी भुक्तानी गर्ने निर्णय गरियो ।

ग. यस गाउँपालिकाको विभिन्न विभिन्न वडाहरुमा स्थानीय पूर्वाधार विकास विभागको आर्थिक व्यवस्थापन तथा जिल्ला रेडक्रस सोसाईटी, सिन्धुलीको प्राविधिक सहयोगमा निर्माण हुने झोलुङ्गे पुल निर्माणको लागि गाउँपालिकाले लागत साझेदारीमा गर्नुपर्ने १५ प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

घ. नेपाल विद्युत प्राधिकरण सामुदायिक ग्रामीण विद्युतिकरण विभागबाट प्रकासित बोलपत्र अनुसारको कार्यको लागि सामुदायिक संस्था श्री दक्षिणकाली सामुदायिक ग्रामीण विद्युत वितरण उपभोक्ता सहकारी संस्था सिन्धुलीलाई यस गाउँपालिकाले १० प्रतिशत जनसहभागिता बापतको रकम रु. ९० लाख यस गाउँपालिकाबाट भुक्तानी भएकोमा ठेक्का रकमको १० प्रतिशत भुक्तानी हुनेपर्ने भन्दा बढी रकम यस गाउँपालिकाको कोषमा दाखिला गर्न पत्राचार गर्ने निर्णय गरियो ।

ङ. घरेलु तथा साना उद्योग विकास समिति सिन्धुलीबाट यस घ्याङलेख गाउँपालिका वडा नं. २ डुम्रेमा निर्माण गर्न लागिएको साझा सुविधा केन्द्रको डिजाइन स्टिमेट र उपभोक्त समिति निर्माणको कागजात पत्रहरु घरेलु कार्यालयमा पेश गर्ने निर्णय गरियो ।